यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ९ ○अंक ४० ○श्रेणी 'क' ○२०७३ कार्तिक २३ गते मंगलबार ○ 8 Nov. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

## संविधान कार्यान्वयन चुनौतिपूर्ण–पौडेल



गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले संविधान कार्यान्वयन नै अहिलेको चुनौती रहेको बताएका छन् । नेपाली काँग्रेस कास्कीले सोमबार पोखरामा आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रममा बोल्दै वरिष्ठ नेता पौडेलले मधेसवादी र जनजाति समुदायका गुनासालाई संविधान संशोधनबाट सम्बोधन गरेर संविधान कार्यान्वयनका दिशामा अघि बढ्नुपर्नेमा जोड दिए ।

नेता पौडेलले संविधान संशोधनमा एमाले र मधेशवादी दलको अतिवादी हठ् त्यागेर लचक हुनुपर्नेमा जोड दिए । उनले देशलाई निकास दिन राष्ट्रियताका विषयमा बाहेक अन्य सवालमा लचक भएर अगाडि बढ्न सुझाव दिए। नेता पौडेलले एमाले र मधेसीदले अतिरिन्जत कुरा गरेर संविधान सशोधनमा बखेडा थापेको बताए।

विसं २०७४ माघ ७ गतेभित्र स्थानीय, प्रादेशिक र केन्द्रीय निर्वाचन सम्पन्न भएपछि मात्र संविधान कार्यान्वयन हुनसक्ने भन्दै उनले यतिका उपलब्धि भइसके पछि पनि सानातिना कुरामा अल्झेर प्राप्त उपलब्धि गुम्न नदिन सबै राजनीतिक दलसँग आग्रह गरे । संविधान संशोधन हुनै सक्तैन भन्ने एमालेको अतिवादी सोच र आफूले भनेका सबै माग पूरा हुनैपर्छ भन्ने मधेसवादी दलले हठ त्यागेर सबै लचक भई एक ठाउँमा आउनुपर्नेमा नेता पौडेलको जोड थियो । उनले देशमा राजनैतिक स्थिरता र सुशासन भएमा मात्रै मुलुकमा आर्थिक क्रान्ति संभव हुने वताए ।

नेपाली काँग्रेस पद्धति, प्रक्रिया, संस्थागत र समझदारी द्वारा अघि बढ्नुपर्नेमा जोड दिँदै उनले पार्टी कार्यकर्ताको सही मूल्याङ्कन भएमा मात्रै पार्टी एकता हुने स्पष्ट पारे । उनले भने-'दलहरु झगडा गरेर बसेर हुदैन, संविधान गुम्न सक्छ, सवैलाई विश्वासमा लिएर जानुपदलहरु झगडा गरेर बसेर हुँदैन, संविधान गुम्न सक्छ, सवैलाई विश्वासमा लिएर जानुपर्छ र संविधान कार्यान्वयनको बाटो खोल्नुपर्छ ।'

उनले राष्ट्रिय र जनताको हित, सार्वभौमसत्ता, स्वाभिमानसंग काँग्रेसले कहिल्यै सम्झौता नगर्ने जिकिर समेत गरे ।

स्थानीय निकाय पुनसंरचना आयोगको सिफारिस उपयूक्त नभएको भन्दै उनले असन्तुष्टि ब्यक्त गरे ।

जनता जहाँ जसरी बसेका छन्, त्यही सेवा दिनुपर्छ भन्दै निश्चित जनसंखयाको आधारमा गाँउपालिका, नगरपालिका बनाउनुपर्छ भन्ने अनुपयुक्त र गलत भएको उनको भनाइ थियो ।

उनले स्थानीय निकायको पुनसंरचना आयोगले जनसंख्यालाई आधार तोकेर विवाद बढाउने काम गरेको आरोप समेत लगाए। 'जनसंख्याका आधार बनाउदा झन समस्या बढने देखिएको छ, आयोगले झगडा बढाउने काम गरेको छ'-उनले भने ।

नेपाली काँग्रेस कास्कीका सभापति कृष्ण केसीले स्थानीय तहको निर्वाचन नजिक आइरहेकाले पार्टी कार्यकर्ता गाउँगाउँमा गएर जनताको मन जित्ने गरी काम गर्नुपर्ने बताए ।

### स्व. नन्दकलीको शान्तिघाटमा अन्त्येष्टि

*नेपाली कांग्रेसका नेता खेमराज पौडेलकी आमा नन्दकली पौडेलको सोमबार पोखराको शान्तिघाटनमा अन्त्येष्टि गरियो । लामो समयदेखि दम रोगबाट पीडित ९६ वर्षीय स्व नन्दकली पौडेलको आइतबार साँझ कास्कीको पुम्दीभुम्दी लौसीबोटका निधन भएको थियो । स्व. पौडेलको शवमा नेपाली कांग्रेका वरिष्ठ नेता रामचन्द्र पौडेलले पार्टीको झन्डा ओढाएर श्रद्धाञ्जलि व्यक्त गरेका थिए। नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण केसी, पूर्व सभापति एवम् सांसद यज्ञबहादुर थापा, पूर्व सभापति सोभियतबहादुर अधिकारी, सांसदद्वय शारदा पौडेल र विन्दा रानामगर, सांसद राजु थापा लगायतका नेता तथा कार्यकर्ताले श्रद्धाञ्जलि व्यक्त गरेका थिए । पुम्दीबाट पोखराको शान्तिघाटमा अन्त्येष्टि गर्ने क्रममा नेपाली कांग्रेस लगायत विभिन्न पार्टीका नेता कार्यकर्ता तथा विभिन्न संघ-*



*संस्थाका प्रतिनिधि र शुभचिन्तकहरुको ठूलो उपस्थिति थियो । स्व. पौडेलका पाँच छोराहरुमध्ये खेमराज पौडेल नेपाली कांग्रेसको राजनीतिमा लामो समयदेखि सक्रिय छन् । यसैगरी अर्का छोरा इन्द्र पौडेल बर्दियामा छन् भने शिवकुमार कर्मकाण्ड पेशामा आवद्ध छन् भने छोरा रामप्रसाद पोखरा-२५ का वडा सचिव हुन्, अर्को छोरा भवन पौडेल कपिलवस्तुमा रहेर कांग्रेसको राजनीतिमा सक्रिय छन् । स्व. पौडेलकी ३ छोरीहरु कृष्णकुमारी बराल, पार्वती बराल र राधा अधिकारी रहेका छन् ।*

## पोखरा प्लाष्टिकमुक्त घोषणा हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

पोखरा उप-महानगरपालिकालाई बुधवार प्लाष्टिक झोला तथा गिलासमुक्त नगर घोषणा गरिने भएको छ । केहि कानूनी अड्चनको कारण यसअघि थाती रहेको प्रक्रिया टुङ्गिएपछि पोखरालाई प्लाष्टिक झोला र प्लाष्टिकजन्य गिलासमुक्त नगर घोषणा गर्न लागिएको हो ।

प्लाष्टिकको प्रयोगले मानव स्वास्थ्यमा असर गर्नुको साथै प्रदुषण बढाएको भन्दै पोखरा उपमहानगरपालिकाले कात्तिक २४ गते औपचारिक कार्यक्रम गरी पोखरालाई प्लाष्टिक झोला तथा गिलासमुक्त घोषणा गर्न लागेको कार्यकारी अधिकृत नवराज ढुङ्गानाले जानकारी दिए । यसका लागि पोखरा उपमहानगरपालिकाको सबै वडा प्लाष्टिक झोला तथा गिलास निषेधित घोषणा गरिसकिएको छ । घोषणा कार्यक्रमको तयारी स्वरुप सोमवार सरोकारवालाहरुसँग छलफल समेत सम्पन्न भएको छ । छलफलमा सहभागीले घोषणा कार्यक्रमलाई आ आफ्नो क्षेत्रबाट सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । तत्कालिन कार्यकारी अधिकृत झलकराम अधिकारीको कार्यकालमा गएको बैशाख १ गते प्लाष्टिक झोला र गिलासमुक्त नगर घोषणाको तयारी गरिएपनि प्लाष्टिक झोला उत्पादक कम्पनीको कारण प्रक्रिया लम्बिएको थियो । ब्यवसायी नगरपालिकाको निर्णय बिरुद्ध पुनरावेदन हुँदै सर्बोच्च अदालतसम्म पुगेपनि फैसला नगरपालिकाको पक्षमा आएपछि पुन : स्थागित रहेको कामलाई पुरा गर्न लागिएको हो ।

यसअघि प्लाष्टिकको प्रयोगले मानव स्वास्थ्यमा असर गरेको भन्दै पोखरा उपमहानगरपालिकाले २०६७ साउन १ गते पोखरालाई कालो प्लाष्टिकको झोला निषेधित क्षेत्र घोषणा गरेको थियो । २०७० सालदेखि पोखरालाई प्लाष्टिक झोला मुक्त नगर घोषणाको तयारी गरिए पनि सफल हुन सकेको थिएन । स्थानीय स्वयत्त शासन ऐन २०५५, फोहोरमैला ब्यवस्थापन ऐन २०६८ अन्तर्गत पोखरा उपमहानगरपालिकाले प्लाष्टिक जन्य वस्तु निषेध कार्यविधि २०७२ समेत पारित गरिसकेको छ । नगरपालिकाको १८, १९ र २० औं नगरपरिषद्बाट समेत पारित प्लाष्टिक झोला निषेध सम्बन्धि निर्णयलाई घोषणा कार्यक्रमले कार्यन्वयन तहमा लैजानेछ ।

बुधवार प्लाष्टिक झोला र गिलासमुक्त नगर घोषणा भएसँगै विहिवारबाट यसको प्रयोग भएको पाइएमा कार्वाही गरिने नगरपालिकाले जनाएको छ । विहीवारबाट बजारमा अनुगमन टोली परिचालन गरिने र सो टोलीले निषेधित बस्तु फेला परे स्थानीय स्वयत्त शासन ऐन अनुसार कसुरको मात्रा हेरेर कारवाही अघि बढाउने कार्यकारी अधिकृत ढकालले बताए । निषेधित बस्तु प्रयोग गरेको पाइएमा पाँच देखि १५ हजार सम्म जरिवाना हुने बताइएको छ ।

पोखरा भित्रने मुख्य नाकामा पनि चेकजाँचमा कडाई गर्ने नगरपालिकाले जनाएको छ । पृथ्वी राजमार्ग अन्तर्गत विजयपुर, भूपी सेरचन राजमार्ग अन्तर्गत फेदी र सिद्धार्थ राजमार्ग अन्तर्गत स्याङजाको सिमा क्षेत्रमा अनुगमन टोली खटिनेछन् ।

पोखरामा हाल चार वटा प्लाष्टिक झोला उद्योग छन् । पोखराको उद्योगबाट यहाको मागको पाँच प्रतिशत मात्रै हिस्सा ओगटेकोमा अन्य प्लाष्टिक झोला तथा गिलास वाहिरी जिल्लाबाट आयत हुदै आएको थियो । वाहिरबाट आयातको क्रमलाई पनि रोक्न नाकामा चेकजाच गरिने नगरपालिकाले जनाएको छ ।

## उदाउँदो सूर्यलाई अर्घ दिइ छठ समापन

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

आस्थाको महापर्व छठ अन्तर्गत व्रतालुले सोमबार पोखरामा उदाउँदो सूर्यलाई अर्घ दिइ पर्वको समापन गरेका छन् । मूल विधि चतुर्थीदेखि सुरू भई षष्ठीका दिन बेलुकी अस्ताउन लागेको र सप्तमीका दिन उदाउँदो सूर्यलाई अर्घ दिई पूजाअर्चना गरी यो पर्वको समापन गर्ने परम्परा रहेको छ ।

व्रतालुले यहाँका केदारेश्वर महादेवमणि मन्दिर, नारायणस्थान मन्दिर र रिट्टेघाँट त्रिवेणी धाम कालिखोला सेतिनदी किनारामा दुवै हत्केलामा पिठार र सिन्दूर लगाइ अक्षता, फूल लिई आफ्नो खेतबारीमा उत्पादन भएका सामग्री र घरमा बनाइएको विशेष प्रकारको पकवान सूर्यलाई अर्घ अर्पण गरेका थिए । अर्घमा ठकुवा, कसार, केरा, उखु, मेवा मिष्ठान, गेडागुडी र विभिन्न वनस्पति, भुसवा, माटोको हात्ती, सुप, कनसुपती, कलशसहितको घैंटो सूर्यलाई अर्पण गर्ने चलन रहेको छ । सूर्यलाई दिइने अर्घमा ठकुवालाई समृद्धि, उखुलाई आरोग्य, केरालाई विष्णु र कृषि उत्पादनलाई प्रकृतिप्रति कृतज्ञताको द्योतक मानिन्छ । छठपर्वको मूल सन्देश भनेकै समन्वय, समावेशी र सादगीपन हो । छठपर्व महिलाको अगुवाइमा समाज र परिवारको हितका लागि सङ्कल्प गरिन्छ, जो यसको महत्वपूर्ण पक्ष हो ।

अस्ताउने र उदाउने दुइटै सूर्यलाई अभिनन्दन गर्नुको अर्थ जीवनमा सुख, दु:ख, रोदन र हाँसोलाई समान रूपमा र जीवनकै पाटोको रूपमा लिइनु हो । धनी, गरिब, कथित तल्ला र माथिल्ला जाति एकै ठाउँमा उपस्थित भई पूजा गर्नु ईश्वरीय सत्ताको दृष्टिमा सबै समान हुने सन्देश दिन्छ भने सूर्यको उपयोगिता कृषि संस्कृतिमा अपरिहार्य भएको अभिव्यक्ति पनि यस पर्वले दिन्छ । आफ्नै गाउँघरका खेतबारीमा उब्जने कृषि उत्पादनलाई प्रयोग गर्नु यो पर्वको थप मौलिक विशेषता हो, जो आडम्वरविहीनताको परिचयसँगै श्रमको सम्मानको परिचायक मानिन्छ । सूर्यको आराधनाबाट चर्मरोग निको हुनुका साथै सन्तान र धन प्राप्ति हुने जनविश्वास छ । छठपर्व मनाउनुको पछाडि धार्मिक मान्यतासँगै वैज्ञानिक र ज्योतिषसम्बन्धी तथ्य पनि त्यत्तिकै छन् । वैज्ञानिक र ज्योतिष तथा चिकित्सकले पनि सूर्य तत्वबाट आफ्नो ज्ञानको अभिवृद्धि गरी जनकल्याणका लागि अन्वेषण गरेका छन् ।

ऋग्वेदमा सूर्य नै बल, यश, चक्षुस्रोत, आत्मा र मन भएको कुरालाई ध्यानमा राखी व्रतालुले यो पर्वमा सूर्यको आराधना गरी मनोवाञ्छित फल प्राप्त गर्ने गरेको विश्वास पाइन्छ ।

## लायन्स मल्टिपल फेलोशिपको तयारी तीव्र

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

पर्यटकीय नगरी पोखरामा लायन्सको कुम्भ मेला हुने भएको छ । नेपालमा रहेका लायन्सका चारओटा डिष्ट्रिक्टबाट ७ हजार लायन सदस्य र तिनका परिवारसहित गरी १० हजार जना मेलामा सहभागी हुनेछन् । आगामी मङ्सिर ४ गते आयोजना गरिएको लायन्सको मल्टिपल फेलोशिप कार्यक्रमलाई लायन्सको कुम्भ मेलाका रूपमा लिइएको डिष्ट्रिक्ट गभर्नर बालकृष्ण बुर्लाकोटीले बताए । कार्यक्रमले पोखरामा आन्तरिक पर्यटक बढाउन योगदान पुग्ने उनको दावी छ ।

चारओटै डिष्ट्रिक्टका लिडर तथा सदस्यलाई एउटै थलोमा जम्मा गराई आत्मियता तथा भाइचार अभिवृद्धि गराउने उद्देश्यले कार्यक्रम गर्न लागिएको हो । कार्यक्रम पोखराको नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा हुनेछ । 'पोखरा डेष्टिनेशन अफ प्लेजर' नाराका साथ सुन्दर नगरीमा आयोजना गरिएको कार्यक्रममा धेरैको उपस्थिति हुने आयोजकको विश्वास छ । लायन्स डिष्ट्रिक्ट ३२५ बी १ ले पोखरामा आयोजना गरेको मल्टिपल फेलोशिपले पोखरालाई देशैभर चिनाउने निवर्तमान डिष्ट्रिक्ट गभर्नर तथा मल्टिपल फेलोशिप चेयरपर्सन ध्रुवबहादुर थापाले बताए ।

पोखरामा आयोजित कार्यक्रममा सहभागी हुन आउनेले होटल बुकिङ धमाधम शुरू गरेका छन् । पोखरामा रहेका पर्यटक स्तरका करीब १ सय होटलमा पाहुनालाई राख्ने गरी होटलको नामावली लायन्सको प्रत्येक डिष्ट्रिक्टमा उपलब्ध गराइएको छ । सहभागीले आफू अनुकुलको होटल बुकिङ गर्न सक्ने व्यवस्था मिलाइएको होटल व्यवस्थापन उपसमिति संयोजक टीकाराम सापकोटाले जानकारी दिए । कार्यक्रमको तयारीलाई तीव्र बनाइएको थापाले बताए । यस प्रकारको कार्यक्रम अघिल्लो वर्ष चितवनको सौराहामा डिष्ट्रिक्ट ३२५




बी टुले आयोजना गरेको थियो । लायन्स मेलामा खेलकुद, नाचगान, खानपिन, भाइचारा अभिवृद्धि, तथा मूल समारोहमा केन्द्रित रहने कार्यक्रमका संयोजक विमला श्रेष्ठले बताइन् । कार्यक्रमअन्तर्गत मङ्सिर ४ गते बिहान ८ बजे लायन्स सेण्टेनियल परेड हुँदै छ ।

सिद्धार्थचोकबाट चिप्लेढुङ्गा, महेन्द्रपुल, नयाँबजार हुँदै प्रदर्शनी केन्द्रमा पुगेर परेड समापन हुँदै छ । मेलाको आकर्षणमा महिला कबड्डी, क्वीज कण्टेष्ट, भलिबल तथा फूटबल प्रतियोगिता, रस्साकस्सी प्रतियोगिता, युगल नृत्य प्रतियोगिता, म्युजिकल चियर, अन्तर लायन्स डिष्ट्रिक्ट दोहोरी प्रतियोगिता, विविध सांस्कृतिक कार्यक्रम, मौलिक खानाका परिकारलगायत छन् । लायन्स अन्तराष्ट्रियमा प्रतिनिधित्व गरेका अन्तर्राष्ट्रिय डाइरेक्टर सञ्जय खेतानलगायत लायन्स हेडक्वाटरका ४ जना उच्चपदस्थ व्यक्ति पनि पोखरा आउने बताइएको छ ।

कार्यक्रम सम्पन्न गर्न डिष्ट्रिक्ट ३२५ बी १ नेपालका डिष्ट्रिक्ट फेलोशिप कमिटी चेयरपर्शन बिमला श्रेष्ठको संयोजकत्वमा ३५ सदस्यीय मूल व्यवस्थापन कमिटी गठन गरिएको छ । साथै, विभिन्न २४ उपसमिति गठन गरी कार्यक्रमको तयारीलाई तीव्र गरिएको निवर्तमान गभर्नन थापाले जानकारी दिए । मल्टिपल काउन्सिल चेयरपर्शनसहित चारओटै डिष्ट्रिक्टका डिष्ट्रिक्ट गभर्नर र पूर्व मल्टिपल काउन्सिल चेयरपर्शन रहेको १६ सदस्यीय सल्लाहकार कमिटी गठन गरिएको छ ।

## सोनाम ल्होछार म्युजिकल फेस्टिभल हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

बैदाम तामाङ्ग समाजले २८५३ औं सोनाम ल्होछारको अवसरमा यस वर्ष पनि ल्होछार म्युजिकल फेस्टिभल तथा मिस तामाङ्ग पोखरा २०१७ को आयोजना गर्ने भएको छ । तामाङ्ग समुदायका युवतीहरुको प्रतिभा प्रस्फुटन तथा तामाङ्ग भेषभूषा, भाषा, संस्कार र संस्कृति प्रति युवाहरुको आकर्षण बढाउन र संस्कार संस्कृति युवाहरुमा हस्तान्तरण गर्ने उद्देश्यले मिस तामाङ्ग पोखरा आयोजना गर्न लागिएको समाजका अध्यक्ष ज्याक तामाङ्गले बताए । पहिलो संस्करणको मिस तामाङ्ग प्रतियोगिताको सफलताले हौसिएर दोस्रो संस्करणको कार्यक्रम गर्न लागेको तामाङ्गले बताए ।

प्रतियोगिताका लागि पोखरामा उपलब्ध तामाङ्ग समुदाय, समाज र अभिभावकहरुलाई आह्वान गरिसकेको कार्यक्रम संयोजक जेसिका तामाङ्गले जानकारी दिए । 'प्रतियोगिता सौन्दर्य प्रतियोगिता मात्रै नभई तामाङ्ग संस्कार र संस्कृतिलाई युवा पुस्तामाझ बुझाउन र हस्तान्तरण गर्नका लागि गरिएको हो'-उनले भनिन । प्रतियोगीहरुलाई १ महिना सम्म तामाङ्ग भाषा सिकाइनुका साथै, तामाङ्ग जातिको परम्परा, रितीरिवाज, संस्कार र संस्कृतिका ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्वका विषयमा तालिम प्रदान गरिने सह-*संयोजक जयन्ती मोक्तानले बताए । यसका अलावा ब्यक्तित्व विकास, बोल्ने*

***बाँकी अन्तिम पृष्ठमा......***

## महाधिवेशन नरोकिए कांग्रेस फुट्न सक्ने चेतावनी

काठमाडौं २२ कार्तिक ।

नेपाल तरुण दलको महाधिवेशनको बिषयलाई लिएर सबैलाई समेटेर अघि नबढे यसले तरुणदलमा मात्र बिभाजनको स्थिति नभएर पार्टी बिभाजनकै अवस्था श्रृजना हुने बताएका छन् ।

असन्तुष्ट पक्षले तोकिएको मिति कार्तिक २७ देखि २९ मा महाधिबेशन भए पोखरामै समानान्तर महाधिबेशन गर्ने चेतावानी समेत दिएका छन् ।

रफत सञ्चार क्लबले आयोजना गरेको साक्षात्कार कार्यक्रममा बोल्दै तरुण दलका पूर्व अध्यक्ष बिनोद कायस्थले नेपाली काँग्रेसको भातृ संगठन तरुण दलको महाधिबेशन हठात् मनस्थितिमा गरिए पोखरामै समानान्तर अधिबेशन गर्ने चेतावनी दिएका हुन् । उनले बिभिन्न जिल्लामा अझै पनि बिबाद कायम रहेकाले विबाद समाधान नगरी महाधिवेशन गर्न नहुने बताएका छन् ।

केन्द्रिय सदस्य एवं बिधान तथा प्रचार प्रसार समितिका संयोजक मेदनी सिटौलाले एकलौटि रुपमा अधिवेशन गर्न खोज्नु र सदस्यता बितरण गर्नुका साथै तरुणदलका वर्तमान अध्यक्षले अकस्मात अधिबेशनको आह्वान गर्नु जायज नभएको बताएका छन् ।

अधिबेशनको खाँटि पक्षधर हामी भएको भन्दै समय गलत भएकाले सबैको सल्लाहमा मात्र निर्वाचनको मिति तय नगरिए तरुणदल बिघटन गर्नु पर्ने सिटौलाले बताए ।

केन्द्रिय सदस्य लक्ष्मी खतिवडाले नेपाली काँग्रेसका वर्तमान सभापति शेर बहादुर देउवा पेलेरै भएपनि तरुणको अधिबेशनमा लागेको आरोप लगाएका छन् ।

केन्द्रिय सदस्य टेकराज पौडेलले पोखरामा हुने भनेको महाधिबेशन केहीले आफ्नो स्वार्थपूर्तिका लागि र काँग्रेसका तरुण बीच दुरी बढाउने काम भएको भन्दै सबै समस्याको हल नखोजी तोकिएको समयमा महाधिबेशन गरे काँग्रेसकै लागि घातक हुने बताएका छन् ।

**पोखरा उप-महानगरपालिकाद्वारा नगरवासीको हितमा जारी गरिएको अत्यन्त जरूरी सूचना !**

**स्थानीय स्वयत्त शासन ऐन २०५५, फोहोरमैला व्यवस्थापन ऐन २०६८, नेपाल सरकारका निर्णय २०७३, पोखरा उप-महानगरपालिकाद्वारा जारी वातावरण तथा सरसफाइ निर्देशिका २०७२, पोखरा उप-महानगरपालिकाको २०औं नगरपरिषद्को निर्णय समेतका आधारमा पोखरा उप-महानगरपालिका क्षेत्रभित्र प्लाष्टिक झोला, प्लाष्टिक गिलास प्रयोग तथा विक्री वितरणलाई मिति २०७३ कार्तिक २४ गतेदेखि पूर्णत: निषेध गर्दै पोखरा उप-महानगरपालिकालाई प्लाष्टिक झोवा एवं प्लाष्टिक गिलास निषेध क्षेत्र घोषणा गर्ने कार्यक्रम रहेको छ।**

**तसर्थ मिति २०७३ साल कार्तिक २० गतेसम्म आ-आफूसंग रहेका प्लाष्टिक झोला एवं गिलास तत्कालै व्यवस्थापन गर्नु/गराउनुहुन हुन अनुरोध छ। घोषणा पश्चात् खटिने अनुगमन टोलीबाट अनुगमनको क्रममा उपरोक्त अनुसारको निषेधित वस्तु फेला परेमा जो कोहीलाई कडा भन्दा कडा कार्वाही हुने हुँदा आइन्दा प्लाष्टिकका झोला एवं प्लाष्टिकका गिलास विक्री वितरण, प्रयोग नगर्नु/नगराउनुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।**

**वसन्त प्रसाद चालिसे**
**संयोजक, वरिष्ठ निरीक्षक**
**पोखरा उप-महानगरपालिका कार्यालय, पोखरा-८, न्यूरोड**

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ ।
- *लर्ड नेपियर*

## सम्पादकीय ...

# सरकारको गति बढ्नुपर्छ

सरकार गठन भएको तीन महिना पूरा भएको छ। गत साउन १९ गते नयाँ प्रधानमन्त्री निर्वाचित भएपछि साउन २० गते सानो मन्त्रिमण्डल गठन भएको थियो। यसलाई नै सरकारको शुरुवाती दिन मान्ने हो भने नयाँ सरकार गठन भएको हिजो तीन महिना पूरा भएको छ। सामान्यत: सरकारको तीन महिने कार्यकाललाई 'हनिमुन पिरियड' भन्ने चलन पनि छ। हुन त यो सामान्य अवस्थामा बनेको पूर्णअवधिको सरकार होइन। त्यसो त नेपालमा पूर्णअवधिका कुनै पनि सरकार बन्न सकेनन यसलाई पनि हनिमुन पिरियडको सुविधा दिने हो भने अब विस्तारै सरकारको मूल्यांकन गर्न शुरु हुनेछ। तीन महिनामा सरकारले के गऱ्यो, के गर्न सकेन र के गर्न बाँकी रह्यो भन्ने कुराले सरकारको बाँकी अवधि सञ्चालनमा सहयोगी बन्न सक्छ। त्यसैले पनि सरकारको तीन महिनाको सूक्ष्म समीक्षा हुन जरुरी छ। कुनै पनि कामको मूल्यांकन गर्ने मापदण्ड तोकिएको हुन्छ। राजनीति यस्तो अमूर्त क्षेत्र हो, जहाँ निश्चित मापदण्डको अभाव नै हुन्छ तर पनि सरकारको मूल्यांकन गर्ने मापदण्ड उसले अघि सारेका प्रतिबद्धता नै हुन्। सरकारले गठन भएलगत्तै पाँचवटा प्रतिबद्धतालाई आफ्नो आधारभूत कार्ययोजनाको रुपमा अघि सारेको थियो। अब सरकारको मूल्यांकन पनि यही कार्यक्रमकै आधारमा गर्नु उपयुक्त हुन्छ। सरकारले पहिलो काम संविधान कार्यान्वयनलाई बताएको थियो। संविधानको स्वीकार्यता बढाएर कार्यान्वयन गर्ने सरकारी घोषणाले यो पहिलो तीन महिनामा उल्लेख्य प्रगति हासिल गर्न सकेको छैन। यसलाई सरकार र सत्तारुढ दलहरुले गम्भीररुपमा लिनु जरुरी छ। प्रादेशिक उच्च अदालत गठन, स्थानीय तहमा प्रमुख दलबीच मोटामोटी सहमतिबाहेक संविधान कार्यान्वयनको दिशामा प्रगति हुन सकेको छैन। सरकारले अघि सारेको दोस्रो कार्यभार संक्रमणकालीन न्यायको सिद्धान्तका आधारमा शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गर्नु थियो। यसमा पनि उल्लेख्य प्रगति हुन सकेको छैन। सरकारले द्वन्द्वपीडितलाई थप राहतको घोषणा गरेको छ तर संक्रमणकालीन न्यायसम्बन्धी कानून संशोधनदेखि सत्यनिपण र बेपत्ता आयोगका कामलाई पूर्णता दिने, द्वन्द्वकालीन समयमा गरिएका घरजग्गा रजिष्ट्रेशनका समस्या समाधान गर्नेलगायतका काम हुनसकेका छैनन्। सरकारले अघि सारेको तेस्रो कार्यभार भूकम्पपछिको पुनर्निर्माणको काममा भने सन्तोषजनक प्रगति नै देखिन्छ। एक/एक लाख अनुदान थपसहित एक घरपरिवारलाई कूल आठ लाखका विभिन्न आर्थिक प्याकेज घोषणा र कार्यान्वयनलाई पुनर्निर्माणको क्षेत्रमा भएको प्रगति नै मान्नुपर्छ। सरकारले चौथो कार्यभार सुशासन र पाँचौं कार्यभार समृद्धि भनेको थियो। यी पनि अमूर्त कुरा नै हुन्, त्यसैले यसको परिणाम पनि तत्काल देखिन सम्भव हुँदैन। यसबाहेक वैदेशिक रोजगारीका क्रममा अलपत्र नेपालीको उद्धार, गरिबसँग सरकार कार्यक्रममार्फत विभिन्न वितरणमुखी कार्यक्रममा जोड दिनुका साथै सरकारले ऊर्जा क्षेत्रलाई अघि बढाउन केही कदम चालेको छ। यसलाई सकारात्मक शुरुवात नै मान्नुपर्छ। सरकारले नै अघि सारेका प्रतिबद्धताका आधारमा तीन महिनाको प्रारम्भिक मूल्यांकन गर्दा अन्य बुँदामा सन्तोषजक प्रगति गरे पनि सरकार संविधान कार्यान्वयन र शान्ति प्रक्रियाका बाँकी कार्यभार टुंग्याउने काममा अघि बढ्न सकेको छैन। अहिलेको महत्वपूर्ण कार्यभार नै यही हो। सत्ता गठबन्धनभित्रै रहेर सरकारमा नगएका मधेशी दलदेखि प्रतिपक्ष दलसमेतको सहमतिमा संविधान कार्यान्वयनलाई नै सरकारले अबको प्राथमिकता बनाउन जरुरी छ। संविधानप्रति असन्तुष्ट पक्षलाई सहमतिमा ल्याउने अधिकतम प्रयास गर्दै २०७४ माघ ७ भित्र तीनवटै तहका निर्वाचन सम्पन्न गर्ने कार्यभार पूरा गर्न अहिलेकोभन्दा सरकारले आफ्नो गति दुईगुणा बढाउन आवश्यक छ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल कार्तिक २३ गते मंगलबार, तदनुसार नोबेम्बर ८ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार कार्तिकशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज कार्तिकशुक्लपक्षको अष्टमी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा मकर राशिमा अहोरात्र रहनेछ। आज दिनमान २७ घटि १२ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर २० मिनेटमा जयदेव मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर २० मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष :** पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ छ उपयोग गर्नुहोला ।

**वृष :** यशकृति बढ्ने, शतुमाथि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन हुनेछ, दिन सुखद् बित्नेछ ।

**मिथुन :** गर्न खोजेको काम विफल हुनेछन, मनमा अशान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबढी आउन सक्नेछ सर्तक हुनुहोला ।

**कर्कट :** विरोधीहरू सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला ।

**सिंह :** सबै क्षेत्रबाट लाभ पाइन सक्ने, आर्थिक समस्याको समाधान हुने, नविन कार्यको थालनी गर्दा राम्रो, दिन शुभ रहेको छ ।

**कन्या :** आटेजति काम गर्न असफल, अफन्तबाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहेको छ ।

**तुला :** आफन्तजनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल रहने, पेटवा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खवर प्राप्त होला ।

**वृश्चिक :** मानसिक पीडा थपिने, मानहानी, आफन्तबाट धोका हुन सक्ने, आम्दानीका श्रोतहरू घट्नेछन् नआतिनु होला ।

**धनु :** टाढाबाट धन प्राप्त हुन सक्नेछ, प्रियतम भ्टघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ ।

**मकर :** नयाँ ठाँउमा जाँदा आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ ।

**कुम्भ :** सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ ।

**मीन :** चोटपटकको भय, टाढाको यात्रा असफल हुनेछ जोगिनुहोला, नास्तिक विचारले सताउनेछ, समय खराव रहेको छ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# प्रधानमन्त्रीका ९० दिन: के–के भए उपलब्धि ?



**मनहरि तिमिल्सिना**

जातिवादी र नश्लवादी सोचको टक्करले आन्तरिक राष्ट्रियता बिस्फोटक अवस्थामा पुगेको सन्दर्भमा ने.क.पा. (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' श्रावण १९ गते दोस्रोपटक प्रधानमन्त्रीमा निर्वाचित हुनुभयो । चुनौतिपूर्ण अवसरका रुपमा प्रचण्डले दोस्रोपटक सरकारको नेतृत्व गर्नु सामान्य परिस्थितिको असामान्य जिम्मेवारी थियो । निर्वाचित भएलगत्तै प्रधानमन्त्रीले स्वीकार्यता बढाएर संविधानको कार्यान्वयन, शान्ति प्रक्रियाको पूर्णता, भूकम्पको पूनर्निर्माण र नवनिर्माण, सुशासन एवं जनमैत्री शासन प्रणाली र आर्थिक समृद्धिलाई नयाँ सरकारका प्राथमिकताका रुपमा लिँदै रणनीतिक सोचसहित कार्यान्वयनको प्रक्रिया प्रारम्भ भयो ।

श्रावण २० गते सम्माननीय प्रधानमन्त्रीज्यूले पदभार ग्रहण गरेसँगै सरकार आफ्ना प्राथमिकताका आधारमा अघि बढ्यो । श्रावण २० मा बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले गरीबहरुका लागि आशा जगाउने निर्णय गर्‍यो । पहिलो बैठकको निर्णय युगान्तकारी र क्रान्तिकारी परिवर्तनको संकेत थिएन । तर, भगवान् भरोसा भन्दै आफ्नै भाग्यलाई सराप्ने नेपालीहरुका लागि सकारात्मक र आत्मीय सन्देश अवश्य थियो । शिक्षा, स्वास्थ्य, रोजगारी र जीवन निर्वाहका क्षेत्रमा गरीबीको रेखामुनि रहेका जनतालाई प्राथमिकतामा राखेर 'गरीबका लागि सरकार' कार्यक्रम सञ्चालन गर्ने, कर्णालीका सबै र देशभरका दलित शिशुहरुको जन्मदर्तामा १००० रुपैयाँ प्रोत्साहन भत्ता दिने, प्राकृतिक प्रकोपबाट मृत्यु हुनेका परिवारलाई दिइने राहत रकम एक लाख पुर्‍याउने लगायतका निर्णयहरु सांकेतिक रुपमा उत्पीडित वर्ग र समुदायप्रति लक्षित थिए । तत्कालका दृष्टिले सामान्य देखिएपनि साझा संकल्प गर्दा यसको दुरगामी महत्व रहन्छ ।

प्रधानमन्त्रीलाई ज्ञात छ, 'सपनामा योजनाको क्षितिज हुनुपर्छ ।' विगतमा सपनाको खेतीले सरकारप्रति नागरिकमा एक खालको सन्देह र अविश्वासको वातावरण बन्यो । गर्ने नपर्ने र तत्काल गर्न नसकिने सपनाको खेतीभन्दा तत्कालका लागि अँध्यारो छिचोल्ने प्रयासलाई प्रधानमन्त्रीले आफ्नो प्राथमिकतामा राख्नुभयो । श्रावण २३ गते प्रधानमन्त्रीले सरकारका प्राथमिकताबारे जानकारी गराउँदै नेपाल सरकारका सचिवहरुलाई सामूहिक निर्देशन दिनुभयो । प्रधानमन्त्रीको उक्त विशेष निर्देशन राजनीतिक र प्रशासनको अन्तद्वन्द एवं अन्तर्सम्बन्धको गहिरो विश्लेषण र सरकारको दिशाबोध थियो । प्रधानमन्त्रीले जनताले तत्कालै राहतको अनुभूति गर्नसक्ने गरी तात्कालीन, मध्यकालीन र दीर्घकालीन योजना प्रस्तुत गर्न निर्देशनबमोजिम सबै मन्त्रालय कार्ययोजना कार्यान्वयनको चरणमा छन् ।

नब्बे दिनको अवधिमा प्रधानमन्त्रीको ध्यान सरकारले निर्धारण गरेका प्राथमिकतामा केन्द्रित रह्यो । आफ्नो पदभार ग्रहणकै क्रममा प्रधानमन्त्रीले आफ्नो कार्यकाललाई चुनौतिपूर्ण अवसरका रुपमा संश्लेषण गर्नुभएको थियो । तसर्थ, उहाँले दिन रात, भोक प्यास, थकाई नभनी सम्पूर्ण शक्ति आफ्ना प्राथमिकता कार्यान्वयनमा लगाउनुभयो । सरकार र प्रशासन संयन्त्रको एकरुप गतिशीलतामा कमि, प्रक्रियामूखी एवं बहुद्वार कार्यान्वयनको बाध्यता, संवैधानिक एवं कानुनी अपूर्णता, रचनात्मक आलोचना र सहयोगको संस्कारको कमिजस्ता अवयवहरुले परिणाम प्राप्ति र त्यसको सकारात्मक भाव प्रवाहमा कमि रहेपनि नब्बे दिनको अवधि उपलब्धिमूलक रह्यो । प्राथमिकता बमोजिम नब्बे दिनका उपलब्धिहरुलाई यसरी उल्लेख गर्न सकिन्छ :

**१) संविधान संशोधन र कार्यान्वयन**

संविधान कार्यान्वयन वर्तमान सरकारको मुख्य प्राथमिकतामा छ । २०७४ माघ ७ गतेभित्र स्थानीय, प्रादेशिक र संघीय निर्वाचन सम्पन्न गरेर संविधानले परिलक्षित गरेको दिशा निर्धारण गर्नु यतिबेलाको ऐतिहासिक आवश्यकता र अनिवार्यता दुवै हो । तर, हामीकहाँ भूगोल, सीमाना र तारबारलाई मात्रै राष्ट्रियता ठान्ने सोंच एकातिर विद्यमान छ भने अर्कोतिर भूगोल, सीमाना र भौगोलिक एकत्वको भूमिकालाई कमजोर पार्ने मनोविज्ञानले पनि जबर्जस्त छ । यी दुवै अतिवादी सोंचका बीचबाट सन्तुलित र राष्ट्रिय एकता कायम गर्ने राजनीतिक सोंच अहिलेको आवश्यकता हो ।

संविधान संशोधनको बहस अब परिणाममूखी पाइप लाइनमा छिर्दैछ । संविधानको पूनर्लेखनको माग गर्ने शक्ति र संविधान संशोधनको कुरा सुन्नै नचाहने शक्तिमा राजनीतिक लचकता र जिम्मेवारी बोधको स्तर बढ्दै गएको छ । यसमा सरकार र मूख्यतय: प्रधानमन्त्रीको अनवरत प्रयास, सम्वाद र विश्वासयोग्य कार्यसम्पादनको पक्ष जिम्मेवार छ । यस अवधिमा एकल, संयुक्त, दुईपक्षीय र बहुपक्षीय रुपमा गरिएका भेट, सम्वाद र वार्ताहरुले विवाद र बिमतिका दायराहरु धेरै हदसम्म घटेका छन् । देश छिटै संविधान संशोधनको प्रक्रियाले पूर्णता पाउने, संविधानको स्वीकार्यता बढ्ने र देश निर्वाचनको प्रक्रियामा प्रवेश गरी संविधान कार्यान्वयन गर्ने अवसरको पूर्वसन्ध्यामा छ । यसरी सरकारको पहिलो प्राथमिकता सकारात्मक प्रगतिसहित निष्कर्षतिर जाँदैछ ।

**२) शान्ति प्रक्रिया**

युद्ध र शान्ति प्रक्रिया दुवैको नेतृत्व प्रधानमन्त्रीमा निर्वाचित हुनुले शान्ति प्रक्रिया पूर्णताको जिम्मेवारी पनि प्रधानमन्त्रीको काँधमा छ । शान्ति प्रक्रियाको पूर्णताका सन्दर्भमा मूलत: ४ काम प्राथमिकतामा छन्, पहिलो, द्वन्द्वरत दुवै पक्षलाई आपसमा मेलमिलाप कायम गराएर समाजमा शान्ति र सद्भावको वातावरण सिर्जना गर्नु । दोस्रो, द्वन्द्वको नाममा भए गरेका जघन्य अपराधहरुलाई छानविन गरी कानुनी दायरामा ल्याउनु । तेस्रो, द्वन्द्वका क्रममा भएको मानवीय र भौतिक क्षतिको उचित राहत र क्षतिपूर्तिको प्रबन्ध गर्नु र चौंथो, बेपत्ता नागरिक यथाशिघ्र सार्वजनिक गरी न्यायको प्रत्याभूति गराउनु ।

शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउने सन्दर्भमा सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोग सार्वजनिक आव्हानमार्फत् उजुरीपश्चात् छानविनको प्रक्रियामा छन् । यसबीचमा सरकारले आयोगका पदाधिकारीहरुसँग गहन छलफल गरेर समयमै काम सम्पन्न गर्नका लागि अनुगमन र उत्प्रेरित गरिरहेको छ । राजनीतिक सहमति र वैधानिक मार्गमार्फत् शान्ति प्रक्रिया पूर्णतातिर जाँदैछ ।

**३) पुनर्निर्माण र नवनिर्माण**

भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको पूनर्निर्माण र नवनिर्माण एवं पीडितलाई राहतको व्यवस्था गर्नु सरकारको तेस्रो प्राथमिकता हो । यस दिशामा प्रशस्तै प्रगति हासिल भएको छ, यद्यपि सम्पूर्ण पीडितले तत्कालै राहत दिने संकल्पमा अपेक्षित प्रगति हुन सकेको छैन । भूकम्प गएको १८ महिनासम्म जम्मा ४० हजार जति पीडितले राहत पाएको सन्दर्भमा ४५ दिनभित्र सबै पीडितहरुले पहिलो किस्ता पाउनुपर्ने प्रधानमन्त्रीको निर्देशन र नियमित अनुगमनले सय दिनसम्म करिब साढे ५ लाख पीडितले राहत रकम प्राप्त गरेका छन् । सरकारले भूकम्पपीडितलाई दिइने राहत रकममा १ लाख थप गरी तीन लाख अनुदानको व्यवस्था गरेको छ भने बिना धितो र सामूहिक जमानतमा थप ५ लाखसम्म सहुलियत ऋण दिने व्यवस्था भएको छ । त्यसैगरी भ्रमणका क्रममा एक लाख थप रकमको भार भारत सरकारले ब्यहोर्ने गरी सम्झौता भएको छ । यति मात्रै होइन, अन्तर्राष्ट्रिय समुदायबाट घोषणा गरिएको राहत रकम प्राप्तिका लागि सम्झौताको प्रक्रियाले पनि तिब्रता पाएको छ । समग्रमा पहिलोपटक भूकम्प पीडितले आफ्नै सरकार भएको महशुस गर्न थालेका छन् । केही सीमाका बाबजूद भूकम्पपीडित ले राहत बितरणका दृष्टिले नब्बे दिनलाई सामान्य अर्थमा लिन मिल्दैन ।

**४) सुशासन र जनसेवा**

सुशासन र जनसेवाका क्षेत्रमा सरकारले गरेको प्रयास निकै महत्वपूर्ण छ । नागरिकले राज्य भएको महशुस हुने गरी काम गर्न प्रधानमन्त्रीले निर्देशन र अनुगमन गर्दै आउनुभएको छ । यस बीचमा सडक मर्मत, विस्तार, कालोबजारी, महंगी, कृतिम अभावलाई मध्यनजर गरी गरिएको बजार अनुगमन, ऐनमा आवश्यक परिमार्जन गर्न गरिएको गृहकार्य, उपत्यकामा ३० साझा बस थप्ने निर्णय, दशैं तिहारलाई मध्यनजर गरी सरकारी बस सञ्चालन, गरीबका लागि सरकार कार्यक्रमको थालनी, दलित र कर्णालीका शिशुहरुलाई प्रोत्साहन भत्ता, कर्णालीमा जन्म र मृत्युमा चामल अनुदान, प्राकृतिक प्रकोप पीडितलाई भूकम्पपीडित सरह राहत, सुकुम्बासी समस्या समाधानबारे गरिएको गृहकार्य महत्वपूर्ण उपलब्धि हुन् ।

त्यसैगरी उपत्यकामा यातायात कार्यालय थप गरी सेवाग्राहीलाई सहज सेवा प्रदान गर्ने व्यवस्था, देशका प्रमूख शहरहरुमा १०० ठूला सरकारी बस सञ्चालन गर्ने निर्णय, कृषि क्षेत्रलाई प्रोत्साहन गर्न जनता पेन्सन कार्यक्रमको तयारी, प्रत्येक स्थानीय तहमा १५ शैयासम्मको सरकारी अस्पतालको गृहकार्य, सरकारी विद्यालय र उच्च तहमा थप छात्रवृत्तिको व्यवस्था, युवा स्वरोजगार कार्यक्रमको प्रभावकारी सञ्चालन, दश युवा एक उद्यम कार्यक्रमको गृहकार्य लगायतका निर्णयहरु जनताको दैनिक जीवनमा सकारात्मक परिवर्तन ल्याउन गरिएका सार्थक पहलहरु हुन् ।

सुशासनका क्षेत्रमा नयाँ सरकारले गरेका प्रयास प्रचार र प्रक्रियाभन्दा परिणाममूखी छन् । सरकारका सचिवहरुलाई प्रधानमन्त्रीले दिनुभएको विशेष निर्देशनमा उल्लेखित विषयहरु त्यसका आधारस्तम्भ हुन् ।

सानो सचिवालय र आफ्नै कार्यालय र सचिवालयको खर्च कटौतीबाट सुशासनको सांकेतिक प्रारम्भ गर्नुभएका प्रधानमन्त्रीले सकेसम्म राज्यकोषको दुरुपयोग नहोस् भन्नेमा सचेत हुनुहुन्छ । प्रणाली स्थापित गर्नै चुनौति देखिएको बर्तमान सन्दर्भमा यी विषयहरु सामान्य लाग्न सक्छन् । तर, हामीले अभ्यास र संस्कारको रुपमा विकास गर्न सक्दा सुशासनमा दुरगामी अर्थ र महत्व राख्न सक्दछ ।

**५) आर्थिक समृद्धि र विकास**

उल्लेखित चार प्राथमिकताहरुको सफलतापूर्वक कार्यान्यवन गर्ने शर्तले मात्रै आर्थिक समृद्धि र विकासको आकांक्षालाई सम्बोधन गर्न सक्छ । समाज र राज्यका बहुआयमिक क्षेत्रको कूल योगदान नै आर्थिक समृद्धि र विकास प्रतिफलको रुपमा अभिव्यक्त हुने गर्दछ । नयाँ सरकारले उल्लेखित चार प्राथमिकता कार्यान्वयनमार्फत् आथिक समृद्धिको जग बसाल्ने संकल्प गरेको छ ।

आर्थिक समृद्धिका सन्दर्भमा प्रधानमन्त्रीको ध्यान मूख्य दुई कुरामा केन्द्रित छ, पहिलो राष्ट्रिय गौरवका आयोजनाहरु समयसीमा भित्रै सम्पन्न गर्ने, दोस्रो, पूँजीगत खर्चको स्तम्भलाई कम्तिमा ८० प्रतिशतसम्म पुऱ्याउने । यसका लागि राष्ट्रिय गौरवका आयोजनाहरुको नियमित अनुगमन, निरीक्षण गर्ने कामलाई प्रधानमन्त्रीले प्राथमकितामा राख्नुभएको छ । नब्बे दिनको अवधिमा प्रधानमन्त्रीले मेलम्ची खानेपानी आयोजना, सिक्टा सिंचाई आयोजना र रानीजमरा सिंचाई आयोजनाको स्थलगत निरीक्षण र अनुगमन गर्नुभएको छ ।

राष्ट्रिय स्तरका बिमानस्थलको मर्मत र सञ्चालन, फास्ट ट्र्याक निर्माणका लागि विभिन्न पक्षसँग अन्तर्क्रिया, सातै प्रदेशमा विश्वविद्यालय र मेडिकल कलेज स्थापनाको तयारी जस्ता विषयहरु आर्थिक समृद्धिकै संकल्पतिर परिलक्षित छन् । त्यसैगरी पूँजीगत खर्चको सामर्थ्य बढाउन प्रधानमन्त्रीले निरन्तर प्रशासन संयन्त्रसँग अन्तर्क्रिया र निगरानी गरी रहनुभएको छ । समयभित्रै काम सम्पन्न गर्ने आयोजना र कर्मचारीहरुलाई पुरस्कृत गर्ने प्रधानमन्त्रीको सार्वजनिक धारणा र त्यसको तयारी विशेष स्मरणीय छ । यसले राष्ट्रिय गौरवका आयोजना समयमै सम्पन्न गर्न र पूँजीगत खर्चको सामर्थ्य बढाउन सकारात्मक योगदान गर्ने नै छ ।

**६) सन्तुलित विदेश नीति**

प्रधानमन्त्री भन्नुहुन्छ, 'कुनै पनि देशको विदेश नीति घरेलु नीतिकै विस्तारित रुप हो ।' देशभित्र सबै वर्ग, जाति, क्षेत्र, लिङ्ग, समुदाय, भाषा, संस्कृति र मनोविज्ञानलाई समान आँखाले हेर्न सक्छौं वा सक्दैनौं ? यसद्वारा हाम्रो विदेश नीति पनि प्रभावित हुने गर्दछ । नेपाल दुई बिशाल भूगोल, जनसंख्या र तिब्र आर्थिक प्रगति हासिल गरिरहेका छिमेकीको बीचमा छ । हामीले आफ्नो भूमिका कसरी निर्धारण गर्छौं ? नेपालको विदेश नीति पनि त्यसैद्वारा प्रभावित हुने गर्दछ । सानो र गरीब देश भएपनि दुई बिशाल छिमेकीका बीचमा हुनुका नाताले नेपालले भारत र चीनसँग डाइनामिक ब्रिजको भूमिका खेल्नसक्ने बलिया आधारहरु छन् । तर, विगतमा हाम्रो विदेश नीति असन्तुलित हुँदा छिमेकीबाट पर्याप्त लाभ लिन नसकेको कुरा स्मरण गर्नैपर्दछ ।

सरकार गठन भएपश्चात् सरकारले तत्कालै भारत र चीनमा विशेष दूत पठाएर सम्बन्धमा न्यानोपन ल्याउने कोशिस भयो । लगत्तै प्रधानमन्त्रीको भारत भ्रमणले नेपाल र भारतबीचको सम्बन्ध सुमधुर बनाउने प्रयास मात्रै गरेन, विगतमा हाम्रा सीमाहरु कहाँ रहे ? त्यसको दीर्घकालीन समाधान के हो ? यस्ता महत्वपूर्ण विषयमा पनि समीक्षा गरियो । यस सन्दर्भमा विगतमा भारतीय पक्षबाट लिइएका असन्तुलित नीतिबारेको आत्मसमीक्षा हाम्रा लागि महत्वपूर्ण पक्ष हो । यसलाई अवमूल्यन गर्न मिल्दैन ।

असोजको अन्तिम साता गोवामा सम्पन्न ब्रिक्स(बिमस्टेक आउटरिच शिखर सम्मेलनमा नेपालले खेलेको भूमिका देशको कुटनीतिक जगतमा नै रणनीतिक अर्थ बोक्ने खालको रह्यो । ब्रिक्स(बिमस्टेक बैठकमा नेपालले प्रस्तुत गरेको धारणा र उठाएका एजेण्डा हुन् वा विभिन्न देशका कार्यकारी प्रमूखसँग औपचारिक वा अनौपचारिक रुपमा गरिएका बार्ता र भेटहरु हुन्, ती सबै नेपालको कुटनीतिक वृत्तमा दुरगामी महत्व राख्ने प्रयासहरु थिए । यसबाट नेपालीहरुले गर्व गर्नसक्ने परिस्थिति निर्माण भएको छ ।

ब्रिक्स-बिमस्टेक सम्मेलनका क्रममा आकस्मिक र अनौपचारिक रुपमा भएको प्रधानमन्त्री, नरेन्द्र मोदी र सी जिन पिङबीचको भेट नेपालका सन्दर्भमा मात्र नभएर दक्षिण एसियामै सर्वाधिक चासोको विषय रह्यो । उक्त भेटमा प्रधानमन्त्रीले विशेष जोडका साथ राख्नुभएको त्रीदेशीय रणनीतिक साझेदारीको मुद्दामा चीनको औपचारिक सहमति र भारतको थप सम्वाद गर्ने प्रतिक्रियाले भ्रमणको सफलताको मापन गर्दछ । रणनीतिक साझेदारीको मुद्दामा नेपालले राखेको प्रस्ताव र त्यसका लागि निरन्तरको कुटनीतिक पहलकदमीले निकट भविष्यमै प्रस्तावले सार्थकता पाउनेछ भन्ने विश्वास गर्न सकिन्छ । यो सवाल नेपालको समग्र विकासका लागि कोशेढुङ्गा हुने निश्चित छ ।

ब्रिक्स सम्मेलनका क्रममा चीनियाँ राष्ट्रपति सीजिन पिङसँगको वान टु वान भेट र प्रतिनिधि मण्डलबीचको बार्ताले नयाँ आशा जगाएको छ । भेटमा नेपाल एक चीन नीतिप्रति प्रतिवद्ध रहेको एवं विगतमा नेपाल(चीनबीच भएका सहमति र सम्झौताहरुको पूर्ण कार्यान्वयनको प्रतिवद्धताले दुई देशबीचको सम्बन्ध झनै न्यानो भएको छ । भेटमा चीनियाँ राष्ट्रपतिद्वारा कुटनीतिक तहबाट समय मिलाएर नेपाल आउने ठोस प्रतिवद्धता आएको छ । यसरी हेर्दा सरकारको नब्बे दिन नेपालको सन्तुलित विदेश नीति र सम्बन्धका दृष्टिले अपेक्षाभन्दा सफल मान्न सकिन्छ ।

**७) वैदेशिक रोजगारी**

सुशासन र जनसेवाको सवालमा वैदेशिक रोजगारीका गएका नेपालीहरुलाई अलग गरेर हेर्नै सकिँदैन । ४० लाख युवाहरु रोजगारीको क्रममा मुलूकबाहिर रहेको तथ्यलाई दृष्टिगत गरी प्रधानमन्त्रीले उनीहरुका समस्याहरुलाई उच्च प्राथमिकतामा राख्नुभएको छ । दीर्घकालीन रुपमा नेपालभित्रै रोजगारीको व्यवस्था गर्ने र तत्कालका लागि विदेशमा रहेका नेपालीहरुलाई सरकारको तर्फबाट आवश्यक अभिभावकीय भूमिका खेल्ने संकल्पसहित प्रधानमन्त्रीले प्रतिनिधिमूलक काम गर्नुभएको छ ।

नब्बे दिनको अवधिमा कम्पनि टाट पल्टिएर बेरोजगार भएका सयौं नेपालीको उद्धार, विदेशी जेलमा रहेका नेपालीहरुको तथ्याङ्क संकलन र उनीहरुको रिहाईका लागि कुटनीतिक पहल, त्रिभूवन अन्तर्राष्ट्रिय बिमानस्थलको सुधार र नेपालीहरुको आवातजावतमा सहजीकरण, इ(सेवाद्वारा गुनासा सुन्ने र सम्बोधन गर्ने प्रणालीको विकास, विदेशका विभिन्न अदालतमा मुद्धा खेपिरहेका नेपालीहरुका लागि ५ लाख सीड मनीको व्यवस्था, विदेशमा राहदानी नवीकरण गर्दा लाग्ने शूल्क ८० डलरबाट घटाएर ५० डलर, विदेशमा मृत्यु हुने नेपालीका परिवारलाई ७ लाख राहतको व्यवस्था सरकारले गरेका केही नमूनायोग्य काम हुन् । यी कामहरु हाम्रा लागि सामान्य होलान् । तर, जसले वास्तविक पीडाको अनुभव गरेका छन्, उनीहरुका लागि महत्वपूर्ण काम हुन् र हुनेछन् ।

विदेशमा रहेका नेपालीहरुले पठाएको बिप्रेषण उत्पादनमूलक काममा खर्च हुन नसकेको यथार्थप्रति सरकार निकै गम्भीर छ । बिप्रेषणलाई उत्पादनको क्षेत्रमा लगानी गर्ने वातावरण नबनाउने भने हाम्रो रगत र पसिना बालुवाको पानी हुने निश्चित छ । ठोस प्रगति हासिल भई नसकेपनि सरकार बिप्रेषणको जलविद्युत लगायतका राष्ट्रिय आयोजनामा लगानी गर्ने गृहकार्यमा छ ।

उल्लेखित उपलब्धिहरुका अतिरिक्त सरकारका सबै मन्त्रालयहरुले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएर काम गरिरहेका छन् । ती उपलब्धि हाम्रै उपलब्धि हुन् । यद्यपि, हामीकहाँ राज्यले जनताको पक्षमा प्रवाह गरेका सेवाहरुलाई तल्लो तहसम्म प्रचार र सूचित गरेर कार्यान्वयनका लागि सहयोगी भूमिका खेल्नुभन्दा नकारात्मक कुराको प्रचार गरेर जनतामा निरासा बाँड्ने मनोविज्ञान छ । यसबाट माथि उठ्न सके देशको आर्थिक समृद्धि र जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ र सक्नुपर्छ ।

(तिमिल्सिना प्रधानमन्त्रीको सचिवालयमा कार्यरत छन्)

# सहस्रधाराधाम पर्यटक र तीर्थालुको गन्तव्य

**पर्वत २२ कार्तिक ।**

पर्वतको पाङमा रहेको सहस्रधाराधाम पछिल्लो समय तीर्थयात्री र आन्तरिक पर्यटकले भरिन थालेको छ । प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ प्रवेश गर्दा सहस्रधारामा स्नान र दर्शन गरेर मात्र जानुपर्ने मान्यता रहेकाले सहस्रधारामा पछिल्लो समयमा आन्तरिक र बाह्य पर्यटक तथा तीर्थालुको भीड लाग्न थालेको हो ।

पैदलमार्गबाट आउने तीर्थालुले बास बस्ने र स्नान गरेर मात्र फर्कने यस स्थान पोखरा बागलुङ सडक निर्माणसँगै ओझेलमा परेको थियो । पछिल्लो समयमा यसलाई धार्मिक र पर्यटकीय स्थलको रुपमा विकास गर्ने उद्देश्यसहित १०८ धारा निर्माण गरिएपछि मुस्ताङ जाने आन्तरिक पर्यटक र तीर्थालुको भीड लाग्न थालेको छ ।

सहस्रधारामा हिन्दू धर्मशास्त्रमा माता पार्वतीले तपस्या गरेको भन्ने किम्वदन्तीका आधारमा यस स्थानलाई पवित्र स्थान मानिन्छ । कालञ्जार पर्वत अर्थात् पर्वतको हम्पाल क्षेत्रबाट अलप भएको सहस्रधारा पाङमा आएर निस्किएको र त्यहाँ स्नान गर्नाले मनोकामना पूरा हुने तथा विभिन्न रोग निको हुने जनविश्वास रहेको छ ।



सहस्रधाराधाममा पुगेका संचारकर्मीहरु ।

तीर्थालुको सहजताका लागि हाल यहाँ १०८ गौ धारा निर्माण गरिएको सहस्रधारा दिव्यधाम विकास समितिका सदस्य राजुप्रसाद पौडेलले बताए । पोखरा बागलुङ राजमार्गमै पर्ने भएकाले पनि यस स्थानमा अहिले धार्मिक पर्यटकको घुइँचो लाग्ने गरेको छ । सहस्रधारा दिव्य धाम र राष्ट्रिय परोपकार महासङ्घले आयोजना गरेको महायज्ञबाट उठेको रकमले यहाँ विभिन्न संरचना निर्माण भएका छन् ।

हाल सहस्रधाराको वरिपरि विभिन्न पूर्वाधार बनिसकेका र अहिले बनेका पूर्वाधारका कारण तीर्थालु बढ्ने विश्वास स्थानीय वासीको छ । सहस्रधारालाई धार्मिक र पर्यटकीय रुपमा पवित्र र प्रसिद्ध पनि भएका कारण यस क्षेत्रको विकासका लागि अझै धेरै गर्नुपर्ने आवश्यकता रहेको पौडेलले बताए । धेरै वर्ष पहिलादेखि नै सहस्रधारामा लक्ष्मी नारायणको मन्दिर निर्माण गरी मुक्तिनाथ जाने आउने तीर्थालुका लागि निःशुल्क बस्ने तथा खाने व्यवस्था गरिँदै आएको र आगामी दिनमा पनि सोही अनुसार नै अगाडि बढाइने स्थानीय बताउँछन् । हिन्दू धर्मावलम्बीको पवित्र तीर्थस्थल मुक्तिनाथ र दामोदर कुण्ड पुग्ने तीर्थालुको प्रवेशद्वारको रुपमा रहेको सहस्रधारामा स्नान गर्न आउने तीर्थालुलाई खान र आवासका लागि धर्मशाला तथा मुक्तिनारायणको आकर्षक मन्दिर निर्माण भइरहेको छ । पोखरा बागलुङ राजमार्ग निर्माण पूर्व पैदल यात्राबाट मुक्तिनाथ पुग्ने स्वदेशी र भारतीय समेत तीर्थालुले एकरात सहस्रधारामा बिताउँदै आएका थिए । अहिले पनि यहाँ पुग्ने सबै तीर्थालुलाई खान र बस्न निःशुल्क व्यवस्था हुँदै आएको छ । रासस

# सहारा एकेडेमीलाई २५ हजार सहयोग

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २२ कार्तिक ।**

फ्याफुल्ला महिला बचत तथा ऋण सहकारी संस्था पोखराले सहारा एकेडेमी पोखरा-१७ दोबिल्लालाई आर्थिक सहयोग गरेको छ । सहकारीको पाँचौं वार्षिकोत्सवको अवसरमा सहकारीले एकेडेमीलाई २५ हजार रुपैयाँ नगद तथा जिन्सी सामान सहयोग गरेको हो । एकेडेमीमा आश्रित अनाथ तथा असहाय बालबालिकाको लालनपालन तथा शिक्षाका लागि सहकारीले सहयोग गरेको हो ।

प्रमुख अतिथि कास्की बचत तथा ऋण सहकारी संस्था पोखराका अध्यक्ष तथा पोखरा रोयल सहकारी संस्थाका प्रवन्ध निर्देशक भीम गुरुङ र सहकारीका अध्यक्ष विष्णु तामाङले संयुक्त रुपमा सहयोग रकम एकेडेमीका अध्यक्ष वीरभद्र आचार्यलाई हस्तान्तरण गरे । सामाजिक उत्तरदायित्व बहन गर्दै एकेडेमीलाई सहयोग गरिएको अध्यक्ष तामाङले बताइन् ।

उक्त अवसरमा बोल्दै प्रमुख अतिथि भीम गुरुङले वार्षिकोत्सवको अवसरमा फ्याफूल्ला सहकारीले असहाय तथा अनाथ बालबालिकाहरु आश्रित सहारा एकेडेमीलाई सहयोग गर्नु सह्रानीय भएको बताए । कास्कीका अन्य सहकारीले पनि एकेडेमीलाई आगामी दिनमा सहयोग गर्ने उनको भनाइ छ । 'सामाजिक क्षेत्रमा कास्कीका सहकारीहरुको योगदान महत्वपूर्ण छ,' उनले भने, 'फ्याफुल्ला सहकारीबाट अन्य सहकारीले पनि प्रेरणा लिन आवश्यक छ ।' समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यले वार्षिकोत्सवमा सहकारीले एकेडेमीलाई सहयोग गरेको सहकारीका सल्लाहकार दीपक तामाङले बताए ।

एकेडेमीका संस्थापक अध्यक्ष वसन्त थकालीले सबैको साथ र सहयोगबाट एकेडेमी सञ्चालन भइरहेको जानकारी दिए। एकेडेमीमा १६ जिल्लाका २८ जना बालकहरुले आश्रय लिइरहेको क्लबका अध्यक्ष वीरभद्र आचार्यले बताए । फ्याफुल्ला सहकारीले जस्तै पोखराका अन्य सहकारीले पनि एकेडेमीलाई सहयोग गर्ने उनको विश्वास छ ।

कास्कीमा ६ सय भन्दा बढी सहकारी संघसंस्था छन् । सहकारीका अध्यक्ष विष्णु तामाङको अध्यक्षतामा कार्यक्रम भएको हो ।

फ्याफुल्ला सहकारीमा १ सय ६४ जना सेयर सदस्य छन् । ३८ लाख रुपैयाँ सेयर पुँजी रहेको सहकारीले १ करोड ५० लाख रुपैयाँ कारोबार गर्न सफल भएको सचिव पबित्रा तामाङले जानकारी दिइन् । ६० लाख रुपैयाँ निक्षेप संकलन गर्न सफल सहकारीले करिब एक करोड रुपैयाँ कर्जा लगानी गरेको छ । आगामी दिनमा पनि सहकारीले सामाजिक क्षेत्रमा काम गर्दै अगाडि बढ्ने तामाङले बताइन् ।

# बागलुङ–पोखरा मगर समाजको देउसीभैलो

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २२ कार्तिक ।**

बागलुङ-पोखरा मगर समाजले २०७३ सालको तिहार पर्वका अवसरमा देउसी भैलो कार्यक्रम शनिबार सम्पन्न गरेको छ । सांस्कृतिक पर्व तिहारको मान्यतालाई कायम राख्दै संस्कृति बचाउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको समाजका अध्यक्ष मेखबहादुर छन्त्यालले जानकारी दिए ।

कार्यक्रममा बोल्दै समाजका संस्थापक अध्यक्ष दलबहादुर थापाले समाजलाई अघि बढाउन सक्रियता आवश्यक रहेको बताए । बागलुङे मगरहरू जहाँ रहेपनि आफ्नो स्थानीय मगर संस्कृतिको संरक्षण र भाइचाराका लागि एकजुट हुनु आवश्यक रहेको बताउँदै थापाले निकट भविष्यमा नै समाजको भवन निर्माणका लागि जग्गा खरिद गरेर अघि बढ्नुपर्ने आवश्यकता औंल्याए।

समाजका सल्लाहकार संयोजक एवं नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल मगर राष्ट्रिय मुक्ति मोर्चा नेपालका अध्यक्ष भीमबहादुर श्रीसले मगर जातिको अधिकार अझै पनि प्राप्ति नभइसकेको बताउँदै राजनैतिक रुपले सचेत भएर अघि बढ्नुपर्ने आवश्यकता औंल्याए । समाजलाई अघि बढाउन आफ्नो संगठन सहयोग गर्न तत्पर रहेको बताउँदै नेता श्रीसले राजनैतिक अधिकार प्राप्त नभएसम्म भाषा, धर्म र संस्कृतिको विकास हुन नसक्ने स्पष्ट पारे ।

नेपाल मगर पत्रकार संघका केन्द्रीय उपमहासचिव रूद्रबहादुर श्रीसले सबैको जातीय पहिचान सुरक्षित गर्नु अहिलेको चुनौती रहेको भन्दै मगर जातिले पनि आफ्नो जातीय पहिचान जोगाउन अग्रसर रहनुपर्नेमा जोड दिए ।

म्यूजिक भिडियो निर्देशक एवं मोडल गोविन्द पुनले मगर जाति सांस्कृतिक रुपले अत्यन्त धनी समुदाय रहेको भन्दै मौलिक सांस्कृतिक पहिचान जोगाइराख्नु अहिलेको मुख्य चुनौती रहेको बताए । समाजका अध्यक्ष मेखबहादुर छन्त्यालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन कोषाध्यक्ष कृष्णा पुन र सल्लाहकार कृष्णाकुमारी श्रीसले स्वागत गरेका थिए । सो अवसरमा विभिन्न सांस्कृतिक प्रस्तुति झल्कने नृत्य प्रस्तुत गरिएका थिए । एक दिने देउसी भैलो विशेष कार्यक्रमबाट ९० हजार रुपैयाँ संकलन भएको छ ।

यसैबीच, समाजको पाँचौं अधिवेशन तथा दशौं वार्षिक साधारणसभा आगामी मंसिर ४ गते हुने भएको छ । अधिवेशनका लागि आवश्यक तयारी तीव्र रूपमा भइरहेको र अधिवेशनका अवसरमा एसएलसी तथा उच्च शिक्षामा विभिन्न शैक्षिक उपाधि प्राप्त मगरहरूलाई सम्मान समेत गरिने सचिव गजेन्द्र थापाले जानकारी दिए। अधिवेशनको प्रमुख अतिथि भने निश्चित भइ नसकेको सचिव थापाले बताए ।

# परिवर्तनका लागि परिवर्तन युवा समूह गठन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २२ कार्तिक ।**

स्याङ्गजा फेदीखोलाका उत्साही युवाहरुले गाँउको विकास र सकारात्मक परिवर्तनका लागि परिवर्तन युवा समूह नामक सामाजिक संस्था गठन गरेका छन् । हालै सम्पन्न युवाहरुको भेलाले हुमबहादुर खत्रीको अध्यक्षतामा १५ सदस्यीय तदर्थ समिति गठन गरेको हो । भेलाले उपाध्यक्षमा सूर्यबहादुर अधिकारी, सचिव सृजना बराल खत्री, सह-सचिव डेल नारायण शर्मा, कोषाध्यक्ष मनोज कार्की र सहकोषाध्यक्षमा सरु केसीलाई चयन गरेको छ ।

यसैगरि सदस्यहरुमा पदमबहादुर अधिकारी, भिम प्रसाद शर्मा, लक्ष्मी कार्की, सपना खत्री, कृष्ण बहादुर कार्की, सञ्जित कार्की, सन्तोष कार्की, प्रकाश क्षेत्री र हितेश अधिकारीलाई चयन गरेको छ ।

समूहले स्थानीय काला भैरव उच्च माविमा ४२ वर्ष अध्यापन गरि अवकाश पाएका शिक्षक तारा बहादुर खत्रीलाई बिदाइ तथा सम्मान गरेको थियो । समह गठन पश्चात गाँउमा सकारात्मक परिवर्तनका आशाहरु देखिएको समूहका अध्यक्ष हुमबहादुर खत्रीले बताए । समूहले विद्यालय वरपर तथा स्याङ्गजा माथिल्लो खड्केटारी देखि वडाचौरसम्म बृहत सरसफाई कार्यक्रम सम्पन्न गर्नुका साथै १४ थान डस्टविन वितरण कार्य पनि गरेको अध्यक्ष खत्रीले जानकारी दिए । उक्त डस्टविन भद्रकाली टायर रिसोलिङ्गले सौजन्य बापत उपलब्ध गराएको थियो ।

गाँउ सडक तथा बाटो झिलीमिली बनाउन समूहले झिलीमिली वरिपरी गाँउ अभियान चलाउने भएको छ । अहिलेसम्म मन्दिर निर्माण र झिलिमिली अभियानका लागि ३ लाख ५० हजार रुपैया संकलन भइसकेको र अभियान र स्कुल परिसरमा सरस्वती मन्दिर निर्माणका लागि तिहारमा देउसी भैलो खेलेर उठेको सो रकम खर्च गरिने क्लबका कोषाध्यक्ष मनोज कार्कीले बताए ।

झिलिमिली अभियानका लागि सूर्यबहादुर अधिकारीको संयोजकत्वमा ७ सदस्यीय उपसमिति समेत गठन गरेको छ ।

# सोनाम...

*कला, तनाव व्यवस्थापन, महिला सशक्तिकरण, आत्मविश्वास, करियर विकास सम्बन्धी तालिम पनि दिइने छ । पहिलो मिस तामाङ्ग पोखरा निमा तामाङ्गले तामाङ्ग समुदायका युवतीहरुलाई प्रतियोगितामा भाग लिन आह्वान गर्दै भने-'रकममा दिइने पुरस्कार राशी ठूलो होइन रहेछ, आफ्नो जातीको बारेमा अध्ययन गरेर समुदायको गौरब बन्नु चाँही ठूलो कुरा रहेछ ।'*

*माघ ८ गते शनिबार पोखरा सभागृहमा हुने कार्यक्रममा नेपालका ख्याती प्राप्त कलाकारहरु निमा रुम्वा, कुन्ती मोक्तान, मिलन लामा लगायतका कलाकारहरुको सांगितिक प्रस्तुतिका साथै तामाङ्ग सांस्कृतिक नृत्य प्रस्तुत गरिने कार्यक्रम संयोजक जेसिका तामाङ्गले बताए। कार्यक्रमबाट बचेको रकम बैदाम तामाङ्ग समाजले ग्याजर्दी लेकसाइडमा निर्माणाधिन रेञ्छिन तेरजोट तामाङ्ग शान्ति गुम्बा निर्माणमा खर्च गरिने आयोजकले जनाएको छ ।*

# एकादशी मेला व्यवस्थित गर्न समिति गठन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २२ कार्तिक ।**

आगामी कार्तिक २६ गते एकादशीको अवसरमा पोखरा ९ रामघाटमा लाग्ने मेलालाई व्यवस्थित गर्न तथा भक्तजनहरुको सहयोग गर्नको लागि मेला व्यवस्थापन समिति गठन गरिएको छ। मेलालाई व्यवस्थित गर्नको लागि वसेको नयाँबजार धार्मिक क्षेत्र विकास समितिको आयोजनामा भएको सर्वपक्षिय भेलाले समाजसेवी राम्जी प्रसाद कोईरालाको संयोजकत्वमा भक्तराज श्रेष्ठ, डम्बरलाल श्रेष्ठ, हेरम्ब प्रसाद कोईराला सदस्य रहेको मूल आयोजक समिति गठन गरिएको छ।

त्यस्तै सेतीगंगा टोल विकास संस्थाकी अध्यक्ष एवं वडा कार्यालय ९ की सामाजिक परिचालक भावना श्रेष्ठको संयोजकत्वमा मेला व्यवस्थापन उपसमिति गठन गरिएको छ। उपसमितिको सदस्यमा अग्नीकुमार श्रेष्ठ, कृष्णकुमार श्रेष्ठ, राम पराजुली, गौतम श्रेष्ठ, विक्रम गुरुङ (ख) रहेका छन् ।

सो दिन भक्तजनहरु टाढा टाढाबाट एकादशी नुहाउन तथा फुलपाती तोरण तार्न पवित्र सेती नदिमा आउने हुनाले निकै भिडभाड हुने भएकोले मेला व्यवस्थापक समितिले निःशुल्क पिउने पानीको व्यवस्थापन, वच्चा तथा वृद्धहरुलाई आवश्यक सहयोग गर्ने उपसमिति संयोजक भावना श्रेष्ठले जानकारी दिए । मेलाको अघिल्लो दिन कार्तिक २५ गते वृहत सरसफाई कार्यक्रमको आयोजना गरिएको र उक्त सरसफाई कार्यक्रममा स्थानीय टोल विकास संस्थाहरु, आमा समूहहरु, महिला समूहहरु र युवा क्लबहरुको सहभागिता रहने छ। उक्त दिन सेतीनदीको स्नान तथा फूलपाती तार्न भजन गाउँदै सयौंको संख्यामा कास्की लगायत स्याङ्जा, पर्वत जिल्लाबाट पनि भक्तजनको घुईचो लाग्ने आयोजकले बताएको छ ।

# अमेरिकामा सडक दुर्घटना हुँदा ४ नेपालीको मृत्यु

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २२ कार्तिक ।**

अमेरिकामा सडक कार दुर्घटनामा परि चार नेपालीको मृत्यु भएको हो छ । अमेरिकामा रहेका छोराबुहारी भेट्न जाँदा भएको कार दुर्घटनामा परी गुल्मी पिपलधारा-७ कटौंजेका तीनसहित चारजनाको ज्यान गएको हो। गत शुक्रबार राति स्थानीय सयम अनुसार ९ बजे अमेरिकाको जर्जिया राज्यको एटलान्टामा कार दुर्घटना भएको हो । दुर्घटनामा परेर कटौजेका चिरञ्जिवी खनाल, उनकी श्रीमती श्यामामञ्जरी खनाल, बुहारी ऋचा खनाल र अर्की एक युवती प्रतिमा सुवेदीको ज्यान गएको हो। प्रतिमा चिरञ्जिवीका छोरा समिरकी साथी हुन् । आफन्तकोमा तिहारको टीका लगाएर घर फर्कँदै गर्दा उनीहरु सवार कार दुर्घटनामा परेको थियो । दुर्घटनामा परेर खनालका छोराहरु समिर र सुवास घाइते भएका छन्।

गाडीको पछाडि सिटमा बसेका चारैजनाको घटनास्थलमै ज्यान गएको आफन्तले जानकारी दिएका छन् । समिर र सुवासको उपचार भइरहेको छ। समिरको मेरुदण्डमा चोट लागेको छ भने सुवासको खुट्टा भाँच्चिएको छ। मालबाहक ट्रकसँग ठोक्किएर दुर्घटना भएको हो ।

समिरले यूनिभर्सिटी अफ जर्जियामा पिएचडी गर्दै थिए। अर्का छोरा सुवास चिकित्सक पढ्दै थिए। मृतकहरुको शव अहिले स्थानीय अस्पतालमा राखिएको छ। चिरञ्जिवी खनाल सरकारका निवृत्त कर्मचारी हुन्। गुल्मी पिपलधारा घर भएका खनाल परिवार कपिलबस्तु हुँदै काठमाडौंको अनामनगर बसाई सरेका थिए। खनाल दम्पत्ति दशैंअघि घुम्न भन्दै अमेरिका गएका थिए।

# स्वास्थ्य संस्थामै प्रस्तुति

**पोखरा २२ कार्तिक ।**

हिमाली जिल्ला मुस्ताङमा स्वास्थ्य संस्थामै पुगेर प्रसूति गराउनेको सङ्ख्या बढ्दै गएको छ । निःशुल्क प्रसूति सेवा, सुत्केरी भत्ता र न्यानो कपडा पाउन थालेपछि स्वास्थ्य संस्थामा प्रसूति गराउने महिलाको सङ्ख्या बढ्दै गएको हो । पछिल्लो दुई आर्थिक वर्षमा यो सङ्ख्या ह्वात्तै बढेको जिल्ला अस्पताल मुस्ताङकी अनमी अनुसा थकालीले बताए। जिल्ला अस्पतालमा पछिल्लो समय आमा सुरक्षा कार्यक्रम समेत लागू भएपछि सुत्केरीले यातायात भत्ता समेत पाउने गरेका छन् । सबै केन्द्रमा दक्ष र तालिम प्राप्त स्वास्थ्यकर्मीबाट प्रसूति सेवा प्रदान हुने जिल्ला स्वास्थ्य कार्यालय मुस्ताङले जनाएको छ ।

## सार्वजनिक सूचना

**यस ले.न.पा वडा नं. ३, बस्ने ओमबहादुर सदाशंकरको छोरा टीकालाल सदाशंकरको नाममा रहेको साविक अर्घौं ८ को कित्ता नं. २१९३ समेत क्षेत्रफल ०-५-२-२ को जगगामा घर नक्सा पास गर्नुपर्ने भएको र कुनैपनि सधियारा फेला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।**

| कि.नं. | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|
| २१९३ समेत | कुलो | बाटो | २४४० | १००९ |

**सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०**


**अनेक समस्या सफल उपचार**

**ग्याष्ट्रिक**: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

**यौन समस्या:-** सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

**महिला सम्वन्धि समस्या**

महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।

**जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने**

**सुन्दरता**:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

**दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।**

**थप उपचार**:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

**शितल आयुर्वेद फर्मा**
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

**"रंगहरूको अन्तिम गन्तव्य"**
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
**योर्स ट्रेड कन्सर्न**
*एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान, वाटर प्रुफिङ गरिन्छ ।*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
**नेपालमा सर्वाधिक रूचाईएको पेन्ट**

**खुशीको खबर !**



के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

**विदेश जानेहरूका लागि सुवर्ण अवसर**

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरु :- तयारी कक्षा धमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

**पोखरामा पहिलो पटक**

- यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, नूपाङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन स्प अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
- ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सत्धी सुधा पेनलिल।

❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

**पोखरा हर्वल होम्स**
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

**सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर**

Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।

हाम्रो विशेषताहरू :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।

सम्पर्क
**आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि**
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

# पोखराको दोविल्लामा पाँचतारे जंगल रिसोर्ट

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २२ कार्तिक ।**

पर्यटकीय नगरी पोखरामा पहिलो पटक जङ्गल रिसोर्टको मज्जा लिन पाइने भएको छ । पोखरा-२३ दोबिल्लास्थित रहिचौरमा ७२ रोपनी जग्गामा पाँचतारे जङ्गल रिसोर्ट निर्माण भइरहेको छ । एक वर्ष अगाडिबाट निर्माणाधिन रिसोर्टको करिब ७० प्रतिशत काम सम्पन्न भइसकेको लगानीकर्ता मध्यका एक ध्रुबबहादुर थापाले जानकारी दिए । थापासहित रिसोर्टमा ८ जनाको लगानी रहेको छ ।

पहिलो चरणको काम आगामी ६र७ महीना भित्रमा सकिने थापाको भनाई छ । पहिलो चरणको काम सकेर रिसोर्ट सञ्चालनमा आउँदासम्म करीब १ अर्ब रुपैयाँ लगानी हुने उनले बताए । पहिलो चरणमा ६४ ओटा कोठाबाट रिसोर्टको सेवा शुरु हुनेछ ।

‘आगामी पर्यटकीय सिजनबाट रिसोर्ट सञ्चालन हुन्छ,’ उनले भने, ‘पोखरामा पहिलो पटक सुविधा सम्पन्न जङ्गल रिसोर्ट सञ्चालनमा आउँदैछ ।’ रिसोर्टमा ६ वटा ब्लग र ६ वटा भिल्ला रहनेछन् । एउटा प्रेसिडेण्टल रुम र अरु सबै सुपर डिलक्स रुम हुनेछन् । पर्याप्त पार्किङ तथा स्विमिङ पुलको सुविधायुक्त सो रिसोर्टलाई आकर्षक डिजाइनबाट तयार गर्न लागिएको थापाले जानकारी दिए ।

जङ्गलको काखमा बन्ने उक्त रिसोर्टबाट पोखरा तथा माछापुच्छे, अन्नपूर्ण लगायतको लामो हिमाली श्रृङ्खला देख्न सकिनेछ । ‘प्रत्येक रुम तथा बाथरुमबाट समेत हिमालयको दृश्यावलोकन गर्न सकिनेछ,’ थापाले भने । सेती नदी र फुस्रे खोलाको संगमस्थल तथा वरपरका हरियाली जङ्गल तथा पहाडहरुको दृश्यावलोकन समेत रिसोर्टबाटै गर्न सकिनेछ । रिसोर्ट परिसरमा साइलक ट्र्याक र फुड ट्र्याक पनि निर्माण गरिने पत्रकार सुरेन्द्र पौडेलको समाचारमा जनाइएको छ ।



रिसोर्टमा ठूला साना गरी ४ ओटा हल हुनेछन् । आन्तरिक तथा बाह्य उच्च वर्गीय पर्यटकलाई लक्षित गरी रिसोर्ट सञ्चालनमा ल्याउन लागिएको हो । पोखरा विमानस्थलबाट ७ किलोमिटर र निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थलबाट करीब ४ किलोमिटर दूरीमा रिसोर्टस्थल अवस्थित छ । शान्त तथा पारिवारिक वातावरणमा स्तरीय होटलमा बस्न चाहने पर्यटकलाई सेवा प्रदान गर्न आफूहरु सफल हुने थापाको दाबी छ । ‘सुन्दर प्राकृतिक तथा हरियाली वातावरणमा रिसोर्ट बनेकाले पनि धेरैको आकर्षण बढ्ने विश्वास लिएका छौं,’ उनले भने ।

पहिलो चरणको काम सम्पन्न भएर रिसोर्ट सञ्चालनमा आएपछि दोस्रो चरणको काम तत्काल शुरु हुने थापाले जानकारी दिए । दोस्रो चरणमा थप ३६ गरी जम्मा एक सय कोठाबाट रिसोर्ट सञ्चालन हुनेछ । दोस्रो चरणको काम सम्पन्न हुँदासम्म रिसोर्टमा करीब ५० करोड रुपैयाँ थप लगानी हुने बताइएको छ । रिसोर्टमा एनएमबी बैङ्कले बैङ्किङ सहकार्य गरेको छ । रिसोर्ट सञ्चालनमा आउँदासम्म करीब एक सय जनाले प्रत्यक्ष रोजगारी पाउने थापाले बताए । रिसोर्ट सञ्चालनमा आएपछि नेपालको स्तरीय पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने सञ्चालकहरुको दावी छ । ‘पोखरा आउने पर्यटकको सङ्ख्या बढाउन र बसाइँ अवधि लम्ब्याउन पनि रिसोर्टले योगदान पुर्याउने विश्वास गरेका छौं,’ उनले भने । विभिन्न प्याकेजमा पर्यटकलाई सेवा उपलब्ध गराउने उनले बताए । पर्यटकीय नगरी पोखरामा स्तरीय रिसोर्टको आवश्यकता महसुस गरी लगानी गरेको थापाले जानकारी दिए ।

# प्रदर्शन सुधार गर्ने नेपालको लक्ष्य

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २२ कार्तिक ।**



मलेसियामा जारी एएफसी सोलिडारिटी कप फुटबल अन्तर्गत नेपालले मंगल बारसमूहको दोस्रो तथा अन्तिम खेलमा ब्रुनाईबिरुद्ध प्रतिस्पर्धा गर्दैछ । समूहको पहिलो खेलमा पूर्वी टिमोरसँग गोलरहित बराबरी खेलेको नेपाल प्रतियोगिताको सेमिफाइनलमा पुग्नका लागि बराबरीको नतिजा पर्याप्त हुनेछ । समूह चरणमा ब्रुनाईले टिमोरलाई चार शून्यले हराएकाले नेपाल चारभन्दा कम गोलअन्तरमा पराजित भएपनि सेमिफाइनलमा पुग्नेछ । जित हासिल गरेमा नेपाल समूह बिजेता बन्दै सेमिफाइनलमा पुग्नेछ । नेपाल र ब्रुनाइबिरुद्धको खेल नेपाली समयअनुसार भोलि साँझ सवा पाँच बजे मलेसियाको कुचिङस्थित सारावाक स्टेट रंगशालामा हुनेछ । खेलअघिको पत्रकार सम्मेलनमा नेपाली प्रशिक्षक ग्योतोकु कोजीले नेपालको प्रदर्शन मैदानको कण्डिसनमा निर्भर रहने बताए । उनले भने, ‘हामीले ब्रुनाईसँग खेल्ने मैदान हिलो छ, त्यसैले मैदानको अवस्थाले हाम्रो प्रदर्शन निर्भर गर्नेछ ।’ ‘हाम्रो मूख्य उद्देश्य भनेको आफ्नै प्रदर्शनमा सुधार ल्याउनु हो’ उनले भने-‘पहिलो खेलको तुलनामा आगामी खेलहरुमा हामीले सुधार ल्याउनेछौं ।’ दुई दिनको आराममा रहेको नेपाली टोली पाँच दिन आराम पाएको ब्रुनाईसँग खेल्दा स्वभाविक रुपमा केहि कठिन रहेको भने उनले स्वीकारे । यता ब्रुनाईका कोरियाली प्रशिक्षक क्वोनले नेपाल प्रतियोगिताको प्रमुख दावेदारमध्ये एक भएपनि जितका लागि आफुहरु तयार रहेको बताए । उनले पूर्वी टिमोर बिरुद्धको खेलमा आफ्नो टोलीले सोचे अनुसार प्रदर्शन गर्न नसकेको बताए ।

# तारकाङ सामुदायिक स्वास्थ्य केन्द्र उद्घाटन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २२ कार्तिक ।**

कास्कीको थुमाको डाँडा गाविसमा विदेशी दाता र स्थानीयको आर्थिक सहयोगमा हालै निमार्ण भएको तारकाङ सामुदायिक स्वास्थ्य केन्द्रको उद्घाटन गरिएको छ । ६६ लाख रुपयाँको लागतमा निमार्ण भएको १० कोठे पक्की भवनको सोमबार एक समारोहका विच पूर्व स्वास्थ्य मन्त्री खगराज अधिकारीले उक्त केन्द्रको उद्घाटन गरे । कार्यकममा बोल्दै उनले थुमाको डाँडा क्षेत्रका स्थानीयलाई केन्द्र स्थापना भएपछि उपचारमा सहज हुने बताए । आफू मन्त्री हुदा उक्त केन्द्र सहित नेपालमा ११ हजार सामुदायिक केन्द्र स्थापनाको लागि पहल गरेको उनले दाबी गरे । फरक प्रसंगमा पुर्व मन्त्री अधिकारीले थुमाको डाँडा क्षेत्रबाट रोजगारको लागि बाहिर गएकाहरु अब स्वदेमै फर्कियर काम गर्न आग्रह गर्दै गाँउमै उद्यमी वन्न सुझाव दिए ।

वेलायतका रिचार्जले आफ्नी श्रीमतीको स्मृतिमा ४२ लाख रुपैयाँ केन्द्र स्थापना गर्न सहयोग गरेका हुन भने ८ लाख रुपैयाँ बराबरको जनश्रमदान र १६ लाख रुपैयाँ स्थानीयबाट जुटेको उक्त भवन निमार्ण समितिका अध्यक्ष रुपनाथ सापकोटाले बताए ।

भवन उद्घाटनको अवसरमा पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशक डा. तारानाथ पौडेल, जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीका प्रमुख दिनेशकुमार चापागाई, समाजसेवि पुर्ण हेल्मो, विष्णु सापकोटा, हस्पिटलका संचालक यमनाथ सापकोटा, भवन निमार्ण समितिका सचिव माधव सापकोटा लगायतले बोलेका थिए ।

उक्त अवसरमा सोमबार केन्द्रमा निःशुल्क एक दिने स्वास्थ्य शिविर समेत आयोजना भएको थियो । पोखराको लेकसिटी हस्पिटलको प्राविधिक सहयोगमा संचालन भएको शिविरबाट २ सय ८० जना लाभान्वित भएको केन्द्रका सहयोग समितिका अध्यक्ष टंक प्रसाद सापकोटाले बताए ।

हाडजोर्नि र मधुमेह सम्बन्धिका बढी विरामीहरु भेटिएको शिविरमा संलग्न डा. सुवास सापकोटाले बताए ।

# कश्यप तपोवनमा निःशुल्क शिविर हुने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २२ कार्तिक ।**

कास्कीको कास्कीकोट कश्यप तपोवन धाममा एक दिने निःशुल्क योग शिबिर हुने भएको छ । कात्तिक २७ गते शनिवार पोखरा र आसपासका योग गुरुहरुले निःशुल्क रुपमा योगको प्रशिक्षण दिने भएका छन् । स्वास्थ्यका लागि योग मनको शान्तिका लागि योग भन्ने नारा सहित कश्यप धाम-कश्यप मेडिटेशसन स्पोर्टमा योग शिबिरको आयोजना गरेको हाम्रो कास्कीकोट युवा संजालका संयोजक चन्द्र वस्ताकोटीले बताए । सहभागीहरुलाई योग गर्न मिल्ने खुल्ला कपडा सहित वस्नको लागि म्याटको पनि व्यवस्था आफै गर्न पनि आयोजकले आग्रह गरेको छ । योग शिविरमा लागि वालहरि शर्मा सुवेदीको संयोजकत्वमा रेशम गिरी, राजु कार्की योग गुरु मित्रलाल सुवेदी ओम प्रकाश सुवेदी सदस्य र कृष्ण प्रसाद उपाध्याय, ठाकुर प्रसाद त्रिपाठी पोखरा कास्कीकोट सम्पर्क मञ्चका शालिकराम अधिकारी सल्लाहाकार रहने गरी योग व्यवस्थापन समिति निर्माण गरेको बस्ताकोटीले जानकारी दिए । कश्यप तपोवन जहाँ कश्यप ऋषिले तपस्या गरेर उनकै नामबाट कास्की जिल्लाको नामकरण भएको जन विश्वास रहेको छ ।

# कन्दरा ब्याण्ड अष्ट्रेलिया जाँदै

**पोखरा २२ कार्तिक ।**

नेपालको लोकप्रिय पोखरेली ब्याण्ड कन्दरा पहिलो पटक आफ्नो ४० दिने यात्राको लागि आज मंगलबार अष्ट्रेलिया प्रस्थान गर्ने भएको छ । एनआरएनए अष्ट्रेलिया र एम्बेसी अफ नेपाल कन्सोलेट जनरल अफ (एनएसडब्लु) को आयोजनामा अष्ट्रेलिया प्रस्थान गर्ने भएको हो । सिड्नी, मेलबर्न, ब्रिजबेन लगाएतका शहरहरुमा नेपाल फेस्टिबल अन्तर्गतका कार्यक्रमहरुमा कन्दराले आफ्नो लाइभ कर्न्सट प्रस्तुत गर्न लागेको ब्याण्डका भोकलिष्ट बिबेक श्रेष्ठले जानकारी दिए। आफ्नो विशुद्ध मौलिक प्रस्तुति बोकेको पोखरेली ब्याण्ड कन्दराका चर्चित गितहरु हङ्गकङ्ग पोखरा, लेककी हे माया, तगारोमा रुमाल, बिदेसिएर गइन उनी, तिमी पारी र पछिल्लो एल्बम भेडि गोठैमाको गितहरु प्रस्तुत गरिने श्रेष्ठले जानकारी दिए । अष्ट्रेलियाबाट फर्किएपछि सगींतमा ब्याप्त समस्याहरुको समाधानको लागी जनचेतनामुलक कार्यक्रमहरु गरिने ब्याण्डका ड्रमर सुनिल थापाले बताए । अष्ट्रेलियाबाट पुस ५ गते फर्कने ब्याण्डका गितारिष्ट अमित गुरुङ्गले बताए । अष्ट्रेलिया ब्याण्डका बुद्ध बर्जाचार्य किबोड, अमित गुरुङ्ग गितार, अशिम शेरचन गितार, अनिल गुरुङ्ग बेस गितार, अभिनास गायक मादल, सुनिल थापा ड्रमर र बिबेक श्रेष्ठ गायक जाँदै छन्। कन्दरा ब्याण्डले पछिल्लो समयमा लायन्स क्लब अफ पोखरा सिर्जना चौतारी र लायन्स क्लब अफ पोखराको आयोजनामा १८ बर्षपछि पोखरा सभागृहको प्रस्तुति भव्य र सव्य रुपमा सम्पन्न गरेको थियो ।


**कर्मचारी चाहियो**

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।

पद : वेटर संख्या : २ जना
पद : किचन हेल्पर संख्या : १ जना
पद : डिसवासर संख्या : १ जना

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

**पिनास तथा नाकको एलर्जी उपचार**

**पिनास, एलर्जी: चिसो धुलो धुवाँको असर, विना अप्रेशन पिनास र एलर्जीको उपचार**

चिसो, धुलो, धुवाँले पिनास तथा एलर्जीको रोग बढाउन सक्छ । यदि तपाइलाई पनि चिसो, धुलो, धुवाँ, खार घरको सामान्य धुलो, चिसो पानी तथा चिसो मौसमका कारण नाक, कान, घाँटी, छातीको समस्या हुने गरेको छ भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**लक्षणहरु:** रुघा लागिरहने, हाछ्यू आइरहने, नाक बन्द हुने, नाक बाँगो भएको,नाकमा मासु पलाएको नाकले राम्रोसँग गन्ध थाहा नपाउने, चिसो, धुलो धुवाँले समस्या हुने,खोकी लागिहाल्ने,पुरानो खोकी, छाती दुख्ने, सास बढ्ने, दम होला जस्तो हुने, अत्याधिक टाउको दुख्ने आधा टाउको दुख्ने, चक्कर लाग्ने, बच्चाहरुलाई रुघा लागिरहने नाक बन्द हुने, टन्सिल भैरहने कान पाकिर हने जस्ता समस्या भएका पुराना, दीर्घ तथा नयाँ विरामीहरुको लागि परिक्षण तथा उपचार व्यवस्था गरिएको जानकारी गराउदछौं । ***बिदाको दिनमा पनि उपचारको व्यवस्था छ ।***

परीक्षण समय: बिहान ८:०० बजेबाट बेलुका ६:०० बजेसम्म (फोनबाट पनि नाम दर्ता गराउन सकिनेछ ।

**पञ्चम आयुर्वेद क्लिनिक प्रा.लि.**
पोखरा-१०, इन्द्रचोक (रंगशाला २ नं. गेटबाट १०० मिटर अगाडि)
फोन नं.: ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ ?**

**पुरुषमा देखिने** : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष ।
**महिलाहरुमा देखिने** : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरु ।
**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानको सफल उपचार**
**मलद्वार सम्बन्धी रोग** : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

Study in **Japan**
Czech Republic
USA, Australia, Norway

❖100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in **JAPAN** .
❖SLC passed can apply .
❖Almost all intake **czech Republic** .
❖Free Education in **Norway** & **Finland** .
❖Help to make all kind of documentation for any Countries .

April Intake

**Now Running** IELTS, JLPT Classess

**ROMAN EMPIRE**
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp .Rupakot Complex)
Tel .:061-531538, 9846449344, 9803652132





सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा